नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
इलाम

☎ ०२७-५२०५५५
☎ ०२७-५२०१२५
📠०२७-५२०१८८

पत्र सख्या :-०७७।७८
चलानी नम्वर :-

मिति: २०७७।१२।१६

## मिति २०७७।१२।१६ गते बसेको कोभिड १९ जिल्ला संकट ब्यबस्थापन समितिबाट भएका निर्णयहरु सम्वन्धमा

**प्रस्तावहरु:**

१. हालैका दिनहरुमा नेपालभर तथा छिमेकी मित्र राष्ट भारतमा बढिरहेको कोभिड १९ को बिस्तार नियन्त्रण गर्ने सम्वन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.न. DAC२७२ मिति २०७७।१२।०८ को पत्र तथा गृह मन्त्रालयको चं.न. २८६७ मिति २०७७।१२।९को निर्देशन कार्यान्वयन गर्ने सम्वन्धमा ।

**निर्णयहरु**

१. कोभिड १९ को संक्रमण बिस्तार नियन्त्रण गर्न सबै पालिकाहरुले चेतनामुलक सन्देशहरु प्रसारण गर्ने र यस अगाडी सन्चालन गरिएका क्वारेन्टाईन र आइसोलेशन केन्द्रलाई तयारी अवस्थामा राख्नसम्वन्धित निकायलाई निर्देशन दिने ।

२. स्यानिटाईजर र मास्कको प्रयोग , सामाजिक दुरी कायम राख्ने र जनस्वास्थ्यका मापदण्डहरु अनिबार्य रुपमा पालना बिषयलाई कडाईका साथ लागु गर्ने र जिल्लाभित्र कूनै पनि किसिमका भिडभाड हुने सभा, सम्मेलन, मेला, महोत्सब र नयाँ बर्ष लगायतका चाडपर्वका कार्यक्रमहरु नगर्ने/नगराउन सरोकारवालाहरुलाई अनुरोध गर्ने ।

३. सीमा नाकाबाट आउने सवै यात्रुहरुको अनिबार्य रेकर्ड राख्ने ब्यवस्था मिलाउने र नेपाल प्रबेश गर्ने यात्रुहरुलाई अनिबार्य रुपमा स्वास्थ्य परिक्षण गरि शंकास्पद देखिएकाहरुलाई एन्टिजेन टेष्ट र मलेरियाको आरडिटि टेष्ट गराएर मात्र प्रबेश गर्न दिने ब्यवस्था मिलाउने ।

४. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७७।१२।०८ को पत्र अनुसार तोकिएका कामहरु जिल्ला जनस्वास्थ्य कार्यालयले सम्वन्धित स्थानीय तहको समन्वयमा ईलाम जिल्लाका सबै स्वास्थ्य केन्द्रहरुबाट गर्न लगाउने ।

(झरेन्द्र प्रसाद चापागाई)
सहायक प्रमुख जिल्ला अधिकारी